# व्यवसाय दर्ता नियमावली, २०७५

प्रमाणिकरण मितिः- २०७५/०२/२९

नियमावली नं.:- १

**प्रस्तावना :** व्यवसाय दर्ता ऐन २०७५ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार स्थानिय तह लिखु गाउँ पालिकाले देहायका नियमहरु बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो नियमहरुको नाम "व्यवसाय दर्ता नियमावली २०७५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो नियमावली भन्नाले व्यक्तिगत व्यवसाय दर्ता 'ऐन' सम्झनु पर्दछ ।

**३. व्यवसाय दर्ता गराउन दरखास्त दिनुपर्नेः-** व्यक्तिगत व्यवसाय दर्ता गराउन चाहने व्यक्तिले दर्ता गराउन कार्यपालिकामा दस्तुर सहित अनुसूचि-१ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ ।

**४. दर्ता दस्तुरः** देहाएको पूँजी भएको व्यक्तिगत व्यवसाय दर्ता गर्दा देहाए बमोजिमको दर्ता दस्तुर लाग्नेछ ।

(क) एकलाख रुपैयाँसम्म रु. १,०००।-

(ख) एकलाख रुपैयाँ भन्दा वढी तीन लाख रुपैयाँ सम्म रु. ३,०००।-

(ग) तीन लाख रुपैयाँभन्दा वढी पाँच लाख रुपैयाँसम्म रु. ६,०००।-

(घ) पाँच लाख रुपैयाँभन्दा बढी बीस लाख रुपैयाँ सम्म रु. १२,०००।-

(ङ) बीस लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँ सम्म रु. २०,०००।-

(च) एक करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँ सम्म रु. ३०,०००।-

(छ) पाँच करोड रुपैयाँभन्दा बढी जतिसुकै रुपैयाँ सम्म रु. ५०,०००।-

**५. दरखास्तसाथ नागरिकता प्रमाणपत्र र अन्य कागजात पेश गर्नुपर्ने व्यक्तिगत व्यवसाय वा घरेलु उद्योग दर्ता गराउन चाहने व्यक्तिले आफ्नो व्यवसाय दर्ता गराउन दरखास्त साथै उल्लेखित कागजातहरु पेश गर्नु पर्नेछ ।**

**६. दर्ता गर्नेः** (१) नियम ३ बमोजिम दरखास्त परेपछि गाउँ पालिकाले व्यक्तिगत व्यवसाय खोल्न दिनु पर्ने मनासिब कारण देखेमा दर्ता गर्न जिम्मा दिएको शाखा तथा इकाई कार्यालयले आफ्नो दर्ता किताबमा दर्ता गरी अनुसूचि-२ बमोजिमको प्रमाण पत्र दिनु पर्नेछ ।

- घरेलु उद्योग दर्ता गर्दा आवश्यक पर्ने कागजातहरुः दर्ता शुल्क निशुल्क, निवेदन शुल्क रु. १००।-
  १. उद्यमीको नागरिकताको प्रतिलिपी (उद्यमी स्वयं उपस्थित हुनुपर्ने)
  २. जग्गा धनी लालपुर्जाको प्रतिलिपी
  ३. यदि जग्गाधनी प्रमाणपत्र आफ्नो नाममा नभए कम्तिमा तीन वर्षको भाडा सम्झौता र मञ्जुरीनामा ।
  ४. वडा कार्यालयको सिफरिश ।
  ५. चौतर्फी सर्जमिन मुचुल्का संधियारहरुको र वडा सचिवको रोहवरमा चौतर्फी कित्ता नं सहित खुलाएर ।
  ६. रु. १० को हुलाक टिकट ।
  ७. उद्यमीको ३ प्रति फोटो पासपोर्ट साइजको ।
  ८. मेसिन औजार बिल/कोटेसन बिल ।

९. यदि साझेदारी गर्ने भए साझेदारहरु बीचमा भएको कबुलियतनामा ।

- बाणिज्य (पसल) दर्ता गर्दा आवश्यक कागजातहरुः
  १. उद्यमीको नागरिकताको प्रतिलिपी (उद्यमी स्वयं उपस्थित हुनुपर्ने)
  २. जग्गा धनी लालपुर्जाको प्रतिलिपी
  ३. यदि जग्गाधनी प्रमाणपत्र आफ्नो नाममा नभए कम्तिमा तीन वर्षको भाडा सम्झौता र एकाघरको हकमा मञ्जुरीनामा ।
  ४. वडा कार्यालयको सिफरिश ।
  ५. कोब्रा फाइल ।
  ६. रु. १० को हुलाक टिकट ।
  ७. उद्यमीको ३ प्रति फोटो पासपोर्ट साइजको ।
  ८.सुल्क देहाय बमोजिम लाग्नेछ ।

| | दर्ता शुल्क | नविकरण शुल्क |
|---|---|---|
| रु. ३,००,००० सम्म | रु. ३,१००।- | रु. १,०००।- |
| रु. ३,००,००१ देखि रु. ५,००,००० सम्म | रु. ६,१००।- | रु. १,६००।- |
| रु. ५,००,००१ देखि रु. २०,००,००० सम्म | रु. १२,१००।- | रु. ३,०००।- |
| रु. २०,००,००१ देखि रु. १,००,००,००० सम्म | रु. २०,१००।- | रु. ५,०००।- |

(नविकरण प्रत्येक ५ वर्षमा)

(२) सम्बन्धित कार्यलयले व्यवसायका उद्देश्य र कारोवारकार आधारमा व्यक्तिगत व्यवसाय सम्बन्धि आवश्यक मापदण्ड तोक्न सक्नेछ ।

**७. व्यक्तिगत व्यवसायको अवधि र नविकरणः** (१) दर्ता भएको व्यक्तिगत व्यवसाय अवधि ५ वर्ष हुनेछ ।

(२) उपनियम १ मा जुनसुकै कुरा लेखिएको भएतापनि यो उपनियम प्रारम्भ हुदाका वखत वहाल रहेको व्यक्तिगत व्यवसायको अवधि त्यस्तो व्यक्तिगत व्यवसाय दर्ता वा नविकरण सम्बन्धि प्रमाण पत्रमा उल्लेख भएको अवधिसम्म कायम रहने छ र सो अवधि भूत्तान भएपछि नविकरण गर्दा २ वर्षको लागि गरिने छ ।

(३) व्यक्तिगत व्यवसाय नविकरण गराउन चाहाने व्यक्तिगत व्यवसायको उपनियम १ वा २ बमोजिमको अवधि समाप्त भएको मितिले ३५ दिन भित्र व्यक्तिगत व्यवसाय नविकरण गराउनका लागि देहायका कागजात संलग्न गरी सम्बन्धित कार्यलयमा दिनु पर्नेछः-

(क) आय कर (स्थानिय लेखा नम्बर) दर्ता प्रमाण पत्रको प्रतिलिपी

(ख) अधिल्लो आर्थिक वर्षको कर तिरेका निस्सा र

(ग) पचास लाख रुपैयाँ वा सो भन्दा बढी पूँजी भएको व्यक्तिगत व्यवसायको हकमा लेखा परिक्षण सम्बन्धि प्रतिवेदन ।

(४) उपनियम ३ बमोजिम दरखास्त प्राप्त भएमा सम्बन्धित कार्यलयले देहायको पूँजी भएको व्यक्तिगत व्यवसायको लागि देहाय बमोजिमको दस्तुर लिई त्यस्तो व्यक्तिगत व्यवसाय नविकरण गरिदिनु पर्नेछः-

(क) एकलाख रुपैयाँसम्म रु. ६००।-

(ख) एकलाख रुपैयाँ भन्दा वढी तीन लाख रुपैयाँ भन्दासम रु. १,०००।-

(ग) तीन लाख रुपैयाँभन्दा वढी पाँच लाख रुपैयाँसम्म रु. १,६००।-

(घ) पाँच लाख रुपैयाँभन्दा बढी बीस लाख रुपैयाँ सम्म रु. ३,०००।-

(ङ) बीस लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँ सम्म रु. ५,०००।-

(च) एक करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँ सम्म रु. ८,०००।-

(छ) पाँच करोड रुपैयाँभन्दा बढी जतिसुकै रुपैयाँ सम्म रु. १५,०००।-

(५) उपनियम (३) बमोजिमको अवधिभित्र व्यक्तिगत व्यवसाय नविकरण गराउन नसकेको मनासिव कारण देखाई यो अवधि समाप्त भएको मितिले ....... भित्र नविकरणको लागि दरखास्त दिएमा र त्यसरी दिएको दरखास्त जाँचवुझ गर्दा मनासिव देखिएमा सम्बन्धित कार्यालयले देहाय बमोजिमको नविकरण दस्तुर लिई त्यस्तो व्यवसाय नविकरण गरी दिनु पर्नेछ ।

(क) व्यक्तिगत व्यवसाय अवधि समाप्त भएको दिनदेखि ६ महिनासम्मको लागि उपनियम (४) बमोजिमको दोब्बर दस्तुर

(ख) खण्ड (क) मा उल्लिखित अवधि समाप्त भएको दिनदेखि १ वर्षसम्मको लागि उपनियम (४) बमोजिम तेब्बर दस्तुर ।

८. **विवरण हेरफेर सम्बन्धि सूचनाः** (१) कुनै व्यवसायको धनीले आफ्नो व्यक्तिगत व्यवसाय दर्ता गराउँदा दिएको विवरणमा हेरफेर गर्न चाहेमा हेरफेर गर्नु पर्ने विवरणहरुको खुलाई सोको लिखित सूचना सम्बन्धित कार्यालयमा दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम लिखित सूचना प्राप्त भएमा सो सम्बन्धमा जाँचवुझ गरी मनासिव देखिएमा सम्बन्धित कार्यालयले त्यस्तो विवरण हेरफेर गर्न स्वीकृति दिनेछ र आफुसँग रहेको त्यस्तो व्यवसाय सम्बन्धि विवरण संशोधन गर्नेछ ।

(३) उपनियम (२) बमोजिम विवरण संशोधन गरेमा सम्बन्धित कार्यालयले सोको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई समेत दिनुपर्नेछ ।

९. **प्रमाणपत्र लिन सकिनेः** (१) नियम ६ बमोजिम प्रदान गरिएको दर्ता प्रमाणपत्र हराएमा, नष्ट भएमा वा अन्य कुनै कारणबाट काम नलाग्ने भएमा व्यवसाय धनीले निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोमि परेको व्यहोरा मनासिव देखेमा सम्बन्धित कार्यालयले तीन सय रुपैयाँ दस्तुर लिई निवेदकलाई दर्ता प्रमाणपत्रको प्रतिलिपी दिनेछ ।

९. **(क) खारेज गर्दा दस्तुर तथा जरिवाना असुल गर्नेः** व्यक्तिगत फर्म खारेज गरी पाउँ भनी कुनै व्यक्तिगत व्यवसायको धनीले मुनासिव कारण दर्शाई विभागमा निवेदन दिएमा सम्बन्धित विभागले निजलाई अघिल्लो आर्थिक वर्षसम्मको कर तिरेको प्रमाणपत्र पेश गर्न लगाई त्यस्तो व्यक्तिगत व्यवसायले तिर्न बुझाउन बाँकी रहेको यस नियमावली बमोजिम लाग्ने नविकरण दस्तुर तथा जरिवाना समेत निजबाट असूल गरी व्यक्तिगत व्यवसाय खारेज गर्नुपर्नेछ ।

१०. **नविकरण सम्बन्धि विशेष व्यवस्था :** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुँदाका बखत व्यक्तिगत व्यवसाय नविकरण गराउन नसकेको व्यक्तिगत व्यवसायको धनीले नविकरण गराउन नसकेको मनासिक कारण खुलाई यो उपनियम प्रारम्भ भएको मितिले दुई वर्षभित्र नविकरण गराउनको लागि दरखास्त दिएमा र त्यस्तो दरखास्त जाँचबुझ गर्दा कारण मनासिव देखिएमा सम्बन्धित कार्यालयले नियम ७ को उपनियम (४) बमोजिम प्रत्येक नविकरण गराउन नसकेको बीस लाखसम्म पूँजी भएको व्यक्तिगत व्यवसायको हकमा त्यस्ता व्यवसायबाट प्रत्येक वर्षका लागि दुई हजार पाँच सयका दरले र बीस लाभन्दा बढी पूँजी भएको व्यवसायबाट प्रत्येक वर्षका लागि पाँच हजार रुपैयाँका दरले जरिवाना लिई त्यस्तो व्यवसाय नविकरण गरिदिन सक्नेछ छ ।

(२) उपनियम (१) बमोजिम म्यादभित्र पनि कुनै व्यक्तिगत व्यवसायको धनीले व्यवसाय नविकरण गराउन दरखास्त नदिएमा त्यस्तो व्यवसाय खारेज गर्ने सम्बन्धमा सम्बन्धित विभागले ऐनको दफा ७ (ख) बमोजिम आवश्यक कारवाही गर्नेछ ।

**१०. (क) साइनबोर्ड र मूल्य सूची राख्नुपर्नेः** व्यक्तिगत व्यवसाय दर्ता भएपछि त्यस्तो व्यवसाय धनीले आफ्नो व्यवसायको नाम, ठेगाना, दर्ता नं. र मिति प्रष्ट रुपमा उल्लेख भएको साइनबोर्ड र आफूले कारोबार गर्ने वस्तु वा सेवाको प्रचलित कानून बमोजिम मूल्य सूचि बारोबार स्थलमा राख्नुपर्नेछ ।

**११. खारेजीः** व्यक्तिगत व्यवसाय दर्ता दस्तुर (संशोधन एकीकरण) नियमहरु, खारेज गरिएको छ ।

**अनुसूची-१**

**श्रीमान् अध्यक्ष ज्यू**

**लिखु गाउँ कार्यपालिकाको कार्यालय**

**यसम, ओखलढुंगा**

**विषयः- व्यक्तिगत व्यवसाय दर्ता गरी पाउँ ।**

महोदय,

तत् लेखिए बमोजिम व्यापार व्यवसाय गर्न निम्न लिखित नामको व्यक्तिगत व्यवसाय मेरो/हाम्रो नाममा दर्ता गराउन इच्छुक भएकाले यो निवेदन पत्र पेश गरेको छु/छौं । लिखिएको व्यहोरामा कुनै कुरा झुट्टा ठहरेमा प्रचलित नेपाल सरकार कानून बमोजिम सहुँला बुझाउँला ।

१. व्यवसायीको नामः-

२. व्यवसायको पूरा ठेगानाः-

३. उद्देश्यः-

४. पूँजीः-

५. कारोवार गर्ने चिज तथा कामको विवरणः

६. व्यक्तिगत व्यवसायको धनी वा साझेदारहरुको ठीक प्रष्ट नाम, थर वतन र हिस्साको अंग यो व्यवसायको काम नोक्सानी भएमा घर घरानाबाट व्यहोर्न राजी हुने(हुनेहरु) दरखास्तवाला (दरखास्तवालाहरु) को लेखात्मक र रेखात्मक दुवै औठाको सहिछाप ।

**साक्षी**

दरखास्तवालाको माथि लेखिए बमोजिमको नाम, थर, वतन ठीक दुरुस्त छ भनि सनाखत गर्नेः-

इति संवत २०.... साल .... गते .... रोज शुभम् ।

दायाँ बायाँ

**अनुसूची-२**

नेपाल सरकार स्थानिय तह

लिखु गाउँपालिका यसम, ओखलढुंगा

व्यवसाय दर्ता नं.

फोटो

**प्रमाण-पत्र**

निम्न लेखिएको विवरण भएको .................. सम्वत २० ...... साल ... गते .... रोज .... मा व्यक्तिगत व्यवसाय दर्ता ऐन, २०७४ बमोजिम दर्ता गरी यो प्रमाण पत्र दिइएको छ।

विवरण :-

व्यवसाय धनीको नामः-

ठेगानाः-

पूँजी रु.:-

...............

प्रमूख प्रशासकीय अधिकृत

**पुनश्चः-** नविकरण गर्ने समय समाप्त भएको मितिले ६ महिनासम्म दोव्बर दस्तुर लिई १ वर्षसम्म तेव्बर दस्तुर लिई नविकरण गर्न सकिनेछ।

नेपाल सरकार स्थानिय तह

लिखु गाउँपालिका यसम, ओखलढुंगा

नविकरण गरिएको विवरण

| मिति | नवीकरण गरिएको अवधि | दस्तुर बुझाएको रु. को भौचर नं. | दरखास्त |
|---|---|---|---|
| | | | |